लुम्बिनी प्रदेश

# तेस्रो वन सम्वर्द्धन गोष्ठी २०८३

## (दिगो उत्पादकत्व र उत्पादन, सम्वर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापन)

*२०८३।२।१४ देखि १६ सम्म*

लुम्विनी प्रदेशमा कार्यान्वयन भैरहेका वन संरक्षण र व्यवस्थापन, भू संरक्षण तथा जलाधार व्यवस्थापन, अध्ययन अनुसन्धान र नवप्रवर्द्धन लगायत विविध सवालहरुमा गरिएको २८ वटा कार्यपत्रहरुको प्रस्तुति एवं गत वर्षहरूका वन सम्वर्द्धन गोष्ठीका घोषणापत्रहरूको समेत समिक्षा गर्दै उल्लेखित सवाल, चुनौती र समाधानका उपायहरु सम्वन्धमा प्राप्त सुझावहरुलाई लिपीवद्ध गरी यो घोषणापत्र जारी गरिएको छ ।

१) वन सम्वर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापनलाई प्रदेशका सवै प्रकारका वनहरुमा पूर्ण रुपमा निर्विवाद लागू गर्ने, पहाडी क्षेत्रका वनहरूको हकमा खोटेसल्लाको वनलाई प्राथमिकता दिई कार्यान्वयन गर्ने र यसका लागि काठ दाउरा, कटान मुछान र ढुवानीलाई कम खर्चिलो बनाउने उपायहरू अवलम्बन गर्ने,

२) तराई क्षेत्रका समुदायमा हस्तान्तरण नभएका वनहरूलाई प्राथमिकताका साथ चक्ला वनको रूपमा व्यवस्थापन गर्ने,

३) काठको प्रयोग एवं काठजन्य उद्यमलाई बढावा दिन र बैकल्पिक वस्तुहरूको प्रयोगलाई कम गर्न काठको विद्यमान राजश्व दरलाई घटाउन पहल गर्ने,

४) मानव वन्यजन्तु द्वन्द व्यवस्थापनलाई वन व्यवस्थापनको अभिन्न अंगको रूपमा लिई अध्ययन अनुसन्धान र कार्यान्वयनमा प्राथमिकता दिने, वन्यजन्तु उद्दार केन्द्र स्थापना गर्ने र बाँदर लगायत समस्याग्रस्त वन्यजन्तु नियन्त्रणका लागि अध्ययन, प्रविधि र लगानी अभिवृद्धिमा जोड दिने,

५) स्वीकृत वन व्यवस्थापन कार्ययोजनाको नमुना छनौटको आधारमा निर्देशनालयबाट प्राविधिक पक्षको नियमित अडिट तथा अनुगमन गरी नतिजाहरू सार्वजनिक गर्ने,

६) वन प्राविधिक र समूहहरूको क्षमता अभिबृद्धिका लागि नियमित तालीम गोष्ठी, अवलोकन भ्रमण, सिकाई आदान प्रदान गर्ने,

७) उपजलाधार तथा सुक्ष्म जलाधार क्षेत्रहरुलाई प्राथमिकताको आधारमा व्यवस्थापन गर्न नीतिगत तथा कानुनी व्यवस्था गर्दै वायोइञ्जिनियरिङ प्रविधिलाई प्राथमिकतासाथ अवलम्बन गर्ने,

८) वन अतिक्रमण हटाउने कार्यलाई प्राथमिकताका साथ कार्यान्वयन गर्ने, वन स्रोत व्यवस्थापन, वन अतिक्रमण नियन्त्रण, डढेलो नियन्त्रण, मिचाहा प्रजाति व्यवस्थापनका लागि प्रविधिको प्रयोगलाई प्राथमिकता दिने, सशस्त्र वन रक्षकको दरवन्दी पदपूर्ति गर्न आवश्यक समन्वय गर्ने,

९) वन पैदावार विक्रि वितरण लाई थप प्रभावकारी वनाउन ईविडीङ्ग प्रकृया यथासिघ्र लागु गर्ने, डिभिजन स्तरबाटै खडा रुख लिलाम, प्रति इकाई दर रेट लिलाम समेतलाई कार्यान्वयन गर्न कानुनी व्यवस्था गर्ने,

१०) वन, वातावरण विषय अध्यापन गर्ने निकायसँगको समन्वयमा अध्ययन अनुसन्धानका लागि बजेट व्यवस्था गर्ने साथै भएका अध्ययन अनुसन्धानको दस्तावेजीकरण तथा प्रचार प्रसार गर्ने,

११) वन व्यवस्थापनको गुणस्तर कायम गर्न एवं वन उपभोक्ता समुहहरूलाई प्राविधिक सेवा प्रवाहको लागि वन परिषद (Forestry Council) यथाशिघ्र गठन गर्न पहल गर्ने,

१२) वन व्यवस्थापन कार्यमा लैंगिक सामाजिक समावेशीकरण एवं वन क्षेत्रमा कार्यरत वन पेशाकर्मीको पेशागत स्वास्थ्य, विमा र सुरक्षालाई प्राथमिकता दिने,

१३) समुहको कोष परिचालनलाई प्रभावकारी बनाउन सामुदायिक वन र साझेदारी वनको कोष परिचालन निर्देशिका तयार गर्ने, वन सम्बर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापन मापदण्ड २०७९ लाई हालसम्मको सिकाइका आधारमा परिमार्जन गर्ने,

१४) डिभिजन वन कार्यालयहरूमा डिजिटल तथ्यांक व्यवस्थापन यथाशिघ्र लागू गर्ने, सबै वनका वन व्यवस्थापन कार्ययोजना प्रभावकारी रुपमा कार्यान्वयन गर्न वन सम्वर्द्धन क्रियाकलापहरुको अभिलेख राख्ने व्यवस्था मिलाउने, समुहको लेखा व्यवस्थापनलाई क्रमिक रूपमा डिजिटल प्रणालीमा लैजाने,

१५) यस प्रकारको वन सम्वर्द्धन गोष्ठी (Silviculture Workshop) प्रत्येक वर्ष आयोजना गर्ने ।